# सातौं अध्याय

# संस्कारसँग सम्बन्धित अन्य परम्परा

यस अध्यायमा साम्पाङ राई समुदायमा रहेको परम्परागत संस्कारहरु, उनीहरुको जीवनका विभिन्न पक्षहरु धर्म, भाषा, चाडपर्व, खानपान, पहिरन, हातहतियारजस्ता कुराहरुसँग रहेको सम्बन्ध र वर्तमान अवस्थामा यो समुदायमा देखिएको परिवर्तनका पक्षहरुका बारेमा चर्चा गरिँदै छ ।

## ७.१ संस्कारको सम्बन्ध

साम्पाङ राई समुदायमा परम्परागत रुपमा रहेका संस्कारहरु उनीहरुको जीवनका विभिन्न पक्षहरुसँग पनि सम्बन्धित रहेको पाइन्छ । यसलाई अलग गर्ने हो भने उनीहरुको कुनै पनि संस्कार तथा धर्मलगायतका अन्य क्रियाकलापहरु नै अपूर्ण हुने देखिन्छ । यसलाई निम्नअनुसार हेर्न सकिन्छ :

### ७.१.१ धर्मको प्रतीक चुल्हो र संस्कार

साम्पाङ राईजातिले मान्ने सबै धार्मिक कार्यहरुसँग संस्कारहरुको निकट सम्बन्ध रहेको पाइन्छ । यिनको आधार मुन्धुम हो । यस्ता विषयसँग सम्बन्धित अर्को पक्ष भनेको कुबी हो । चुल्होलाई धर्मको प्रतीक मानेर पूजा गर्ने मान्यता भएकाले आफ्ना पितापुर्खाहरुको मृत आत्माहरुलाई वार्षिक रुपमा बोलाएर खानेकुराहरु दिइने र उनीहरुबाट आशिर्वाद माग्ने गर्दछन् । यसबाहेक नवजात शिशुको जन्मसंस्कार गर्दादेखि पास्नी, छेवर तथा गुन्यूचोली, विवाह र मृत्युपछि गरिने जे जति संस्कारगत कार्यहरु हुन्छन्, यिनै चुल्होलाई आधार मानेर सम्पन्न गर्नुपर्ने उनीहरुको मान्यता छ । उदाहरणको लागि वैवाहिक संस्कारमा नवदुलही भित्र्याउँदा, छोरीचेलीलाई विवाह गरी विदाइ गर्दा, पितृपूजा गर्दा चुल्हो नभै कुनै पनि संस्कारहरु पूर्ण हुँदैनन् । यसैले उनीहरुको समाजमा भनाइ पनि छ, “चुल्हो नभएको घर साम्पाङ जातिको घरै होइन ।” यस भनाइबाट पनि यो जातिमा चुल्हो र संस्कारबीच घनिष्ठ सम्बन्ध छ भन्ने कुरा बुझ्न सकिन्छ ।

यसैगरी साना नानीहरुलाई घरबाट अन्त कतै लैजानु परेमा उनीहरुलाई तीन चुल्होको कालो मोसोको टीका लगाइदिइन्छ । यस्तै ठूला मानिसहरु पनि रातको समयमा कतै टाढा जानु पर्दा तीन चुल्होको टीका लगाएर जाने गर्दछन् । यसो गर्नाले कुनै भूतप्रतहरुले दुःख दिँदैन भन्ने उनीहरुको विश्वास रहेको छ । यसैले साम्पाङ जातिमा चुल्हो र संस्कारको अटुट सम्बन्ध रहेको छ । यो जातिमा चुल्होको मान्यतालाई बिर्सिदिने हो भने जातीय स्वत्व नै अपाङ्ग हुन जान्छ । संस्कारविना चुल्हो र चुल्होविना संस्कार सम्भव नै छैन ।

### ७.१.२ धार्मिक कार्य र संस्कार

धार्मिक कार्य र संस्कार एक सिक्काका दुई पाटा हुन् । धर्म नभए संस्कार हुन्न र संस्कार नभए धर्म पनि हुँदैन । संस्कारलाई धर्मले व्यवस्थित गर्दछ । साम्पाङ राईहरुमा धार्मिक कार्य सम्पन्न गर्नको लागि तीन प्रकारका कुबीहरु हुने गर्दछ : यिनमा (क) सेलाम्पा/काउले, (ख) धिरिम्पा/नागरे र (ग) मुक्तिमी/साखेवाहरु पर्दछन् । यिनले तीनै प्रकारका धार्मिक र संस्कारगत मान्यताअनुसारका कार्यहरु गर्ने गर्दछन् । एकले गर्ने काम अर्कोले गर्ने हैसियत राख्दैनन् । यो कुरा कुबीहरुको इच्छाले हुने कुरा होइन । विश्वासअनुसार यस्ता कुबीहरु हुन छिः (अदृश्य देवता/गुरु)ले इच्छाएको व्यक्ति मात्र हुने गर्दछ । यस्तैगरी यिनीहरुले धार्मिक कार्य वा संस्कारगत कार्य गर्दा स्वीकृत सामानहरु पनि गुरुले दिएअनुसार मात्र प्रयोग गर्नुपर्दछ । जस्तो कि कसैले ढ्यांग्रो मात्र चलाउँछ भने कसैले ढोल-ढ्यांग्रो दुवै चलाउँछ । यस्तै कसैले सिलताकुप्मा/सिल्दुङ/सिवारी/अम्रिबुङ (सुनाखरीलगायत विभिन्न कलात्मक रुपमा बनाइएको धामीको कपालमा लगाउने गहनाजस्तै) लगाउँछन् भने कसैले दुवैतर्फ भएको त कसैले एकातर्फ मात्र भएको घुंग्रिङ (फुर्के) प्रयोग गर्दछन् ।

धार्मिक कार्य गर्ने कुबीहरु संस्कारसँग पनि उत्तिकै सम्बन्धित रहेको पाइन्छ । उनीहरुको अनुपस्थितिमा कुनै पनि संस्कार सम्पन्न हुन सक्दैन । जन्मदेखि मृत्युपर्यन्त गरिने संस्कारका कार्यहरु यिनै कुवीहरुले नै गर्नुपर्दछ । उनीहरुले आफ्ना छिःले दिएको मुन्धुमी ज्ञानको आधारमा यस्ता कामहरु गर्ने विश्वास गरिन्छ । यस्ता कुबीहरुको सम्बन्ध धार्मिक दृष्टिबाट जति महत्वको हुन्छ, संस्कारसँग पनि उत्तिकै सम्बन्धित हुन्छन् । कुबीहरुसँग संस्कारको सम्बन्ध अटुट रहेको पाइन्छ ।

**(क) सेलाम्पा :** सेलाम्पा अर्थात् काउले कुबीहरुले मानिस विरामी भएको अवस्थामा तान्त्रिक विधिअनुसार उपचार गर्दछन् । धार्मिक विश्वासअनुसार विरामीको उपचारको क्रममा उनीहरुको शरीरबाट विभिन्न रोगका लक्षणहरु निकाल्ने र त्यसलाई खाएर नष्ट गर्ने गर्दछन् । तर साखेवा पूजा, छम्मधम पूजा गर्दैनन् । सहज मृत्यु हुने मृत आत्मा र असहज दुबैलाई धार्मिक र संस्कारगत विधिअनुसारका कर्महरु गर्ने गर्दछन् । यसका साथै सुँवाफमा (पितृकार्य) पनि गर्दछन् ।

**(ख) धिरिम्पा :** नागरे कुबी पनि भनिने धिरिम्पाले पनि तान्त्रिक विधिअनुसार विरामीहरुको उपचार गरी रोगकष्टहरु निकाली उडाएर नष्ट गर्ने विश्वास गरिन्छ । उनीहरुले साकेवा पूजा गर्दछन् र साकेवालुङ पनि निकाल्दछन् । मृत्यु संस्कारमा सहज मृतकको मात्र संस्कारगत कार्यहरु गर्दछन् । नागा तथा चाम्चे गर्दछन् तर छम्मधम गर्दैनन् ।

**(ग) मुक्तिमी :** साकेवा कुवी पनि भनिने मुक्तिमी पनि एक प्रकारको कुवी हुन् । उनीहरुलाई सवैभन्दा उच्च तहको कुवी मानिन्छ । यिनीहरुले सखेवा लुङ (ढुङ्गा) निकाल्ने र साकेवा पूजा पनि गर्ने, नागा/छम्मधम दुवै गर्ने, पितृपूजा गर्ने, आफ्ना छिः(गुरु)ले दिएअनुसार कसैले सहज मृत्यु संस्कार मात्रै त कसैले सहज र असहज दुवैखाले मृतकको संस्कार गर्ने, विरामीहरुको उपचार गर्ने गर्दछ ।[१] यस्ता धिरिम्पा र मुक्तिमी भनिने कुबीहरुले आफ्ना तन्त्रमन्त्र, मुन्धुमहरु सपनामा नै पाएको हुन्छ भनी विश्वास गरिन्छ । यसैले उनीहरुले अग्रज गुरुहरुसँग मुन्धुमहरु सिक्दैनन् ।

साम्पाङ राई समाजको संस्कारगत मान्यताका अग्रज मानिने व्यक्तिहरु यिनै कुवीहरु हुन् । तर, यिनीहरुको सम्बन्ध संस्कारसँग मात्र नभएर अन्य पक्षसँग पनि उत्तिकै महत्वको रहेको देखिन्छ । गाउँसमाजमा स्वास्थ्य उपचारको लागि कुनै प्रकारको स्वास्थ्यकेन्द्रहरु हुँदैनन् । यसैले मानिसहरु विरामी भएको अवस्थामा उनीहरुको उपचार पनि यिनै कुबीहरुले गर्ने गर्दछन् । तर, उनीहरुको उपचारविधि भने तान्त्रिक हुने गर्दछ । यसरी गरिएको उपचारविधिलाई गाउँघरतिर महत्वका साथ लिइन्छ । कतिपय कुवीहरुले तन्त्र विद्याबाहेक विभिन्न जडीबुटीबाट पनि विरामीको उपचार गर्ने गरेको पाइन्छ । यसबाट

[१]. फेदी-३ का **रत्नबहादुर राई** (वर्ष ८७ हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

गरिने उपचार निकै प्रभावकारी हुने भएकाले स्थानीय इलाकाहरुमा कुबीप्रति जनआस्था बलियो रहेको पाइन्छ ।

### ७.१.३ पितृपूजा र संस्कार

साम्पाङ राईजातिमा पितृपूजा र संस्कारबीचमा गहिरो सम्बन्ध रहेको देखिन्छ । पितृपूजा वर्षमा कम्तीमा तीनपटक गर्ने मान्यता छ : अन्नबाली लगाउने समयमा उभौली, अन्नबाली पाकेपछि र अन्नहरु थन्काइसकेपछि उधौलीको समयमा अगेनाको तीन चुल्होको पूजा हुन्छ । पितृपूजामा धनसम्पत्तिका साथै सन्तान प्राप्तिको कामना गर्दै आफ्ना मृत पुर्खाहरुको आत्मालाई आशिष माग्छन् । यसअतिरिक्त विशेष रुपमा गरिने पितृपूजाहरु पनि छन् । जसमा चाम्चे/नागा पूजा र छम्मधम पर्दछन् । चाम्चे/नागा पूजा विवाहित महिलाबाट सन्तान नभएमा सन्तान प्राप्तिका लागि गरिन्छ । यस्तैगरी परिवारका सदस्यहरुमा कुनै प्रकारको जटिल रोग लागेमा र कुबीहरुले नागा पूजा गरेर ठिक हुन्छ भनेको खण्डमा पनि यो पूजा गर्ने मान्यता छ । नागरे कुबीले यस प्रकारको पूजा सम्पन्न गर्दछन् । यो पूजा गरेपछि सन्तान नहुनेले सन्तान प्राप्त गर्दछन् र कुनै रोग लागेकाहरुको पनि रोग निको हुन्छ भन्ने उनीहरुको विश्वास रहेको छ ।[२]

यस्तै पितृपूजाकै रुपमा गरिने अर्को महत्वपूर्ण र सबैभन्दा उच्चस्तरको पूजा छम्मधम हो । यसअन्तरगत महापितृ पूजा गर्ने मान्यता छ । यो पूजा सामान्य व्यक्तिले प्रायः गर्दैनन् । यो पूजा जीवनकालमा एकपटक मात्र गर्ने र त्यो पनि आफ्नो जीवनमा ठूलो मानसम्मान र धनसम्पत्ति धेरै कमाइ प्रसिद्धी कमाएकाहरुले जीवनको उत्तरार्द्धमा गर्ने परम्परा रहेको छ । यो पूजामा धेरै खर्च गर्नुपर्ने भएकाले पनि सामान्यतः जोसुकैले गर्ने गरेको पाइँदैन । तर, यस पूजामा जे जति सम्पत्ति खर्च गरेर गरिन्छ त्यो मृत्युपछि प्राप्त हुन्छ भन्ने विश्वास रहेको छ । यसैगरी यस्ता व्यक्तिको मृत्युपश्चात् उनको मृत्यु संस्कारका अन्य कार्यहरु नगरे पनि हुन्छ ।[३]

---

[२]. स्थलगत अध्ययनमा आधारित ।

[३]. स्थलगत अध्ययनमा आधारित ।

### ७.१.४ भाषा र संस्कार

साम्पाङ राईको आफ्नो छुट्टै भाषा छ । भाषा र संस्कारबीच पनि उत्तिकै निकट सम्बन्ध रहेको पाइन्छ । यो जातिमा संस्कारहरु आफ्नै भाषाबाट सम्पन्न गर्छन् । अन्य भाषाबाट गरिएका संस्कार परम्परागत मान्यताअनुसार स्वीकार्य मानिँदैन । यसैले साम्पाङ राई जातिमा गरिने जन्मदेखि मृत्युपर्यन्तका संस्कारहरुमा आफ्नो भाषाबाट मुन्धुम वाचन गर्न अनिवार्य मान्दछन् । यो जातिको हरेक संस्कारहरुमा आफ्नो भाषाका जानकार व्यक्ति वा कुबी तथा तायमीको उपस्थिति अपरिहार्य मानिन्छ । यस्ता संस्कारहरुमा प्रयोग गरिने भाषा सामान्य बोलिचालीभन्दा फरक पनि हुन्छ । यस्ता अवसरहरुमा बोलिने भाषालाई कुबी वा मुन्धुमी भाषा पनि भन्दछन् । यसैले सामान्य बोलिचालीको भाषा जान्नले संस्कारगत भाषा जान्दैनन् । कुबी तथा तायमीहरुले मात्र यस्ता भाषाहरुले जानकारी राख्दछन् । जस्तै- सामान्य भाषामा कुखुराको भालेलाई वापा भनिन्छ भने कुवी तथा मुन्धुमी भाषामा सुरिवापा भनिन्छ । यसो हुँदा यो समाजमा कुबी र तायामीको संस्कारसँग निकट सम्बन्ध रहेको देखिन्छ ।[४] तर, यो जातिमा यतिका आवश्यक मानिएको आफ्नो भाषा वर्तमान परिवेशमा संकटमा पर्दै गएको देखिन्छ । जातिको संख्या बढ्दैछ तर आफ्नो भाषा बोल्नेहरुको संख्या घट्दै गएको पाइन्छ । अहिलेका युवायुवतीहरु आफ्नो भाषालाई भन्दा अन्य भाषालाई प्राथमिकतामा राख्ने गर्दछन् । यसको कारण भनेको आफ्नो भाषाबाट आफ्नै जातिहरुसँग मात्र सम्पर्क हुने तर अन्य भाषाबाट अन्य जातिहरुसँग सम्पर्क बढ्ने भएकाले पनि अन्तरजातीय सम्बन्ध बढाउने निहुँमा आफ्नो भाषाप्रति आकर्षण घट्दै गएको देखिन्छ ।

### ७.१.५ पहिरन र संस्कार

साम्पाङ राईहरुको पहिरन र गरगहनाहरुसँग पनि संस्कारको सम्बन्ध रहेको पाइन्छ । महिलाहरुको पहिरनमा गुन्यु, चौबन्दी चोली, बर्की, पटुका पर्दछन् भने गरगहनामा कानढुङ्ग्री, मारवाडी, झुम्के बुलाकी, ढुङ्ग्री, कपालमा शिरबन्दी (सुनको फूल), घाँटीमा हारी (चाँदीको एक रुपैयाँ सिक्का पैसाको माला), रेजी (चाँदीकै आठानी सिक्का पैसाको माला), नौगेडी, चाँदीकै चुरा (काँडे वा साधा), खुट्टामा कल्ली (चाँदीको काँडे चुरा) र विभिन्न प्रकारका औँठीहरु रहेको पाइन्छ । तर, यस्ता पहिरन र गरगहनाहरु प्रयोग गर्न निश्चित संस्कारहरु सम्पन्न गर्नुपर्ने मान्यता रहेको पाइन्छ । महिलाहरुको गुन्यूचोलीको

---

[४]. स्थानिय बुढापाकाहरुको भनाइमा आधारित ।

संस्कार नगरेसम्म यस्ता पहिरन तथा गरगहनाहरु प्रयोग गरिँदैन । गुन्यूचोलीको संस्कारमा यस्ता पहिरन र गहनाहरु दिइने चलन छ[५] (चित्रफलक नं. ६७, ६८) । यसैबेला उनीहरुलाई काइँयो थाक्रोका साथै परम्परागत मनोरंजनका साधनहरु बिनायो (मालिंगोबाट बनाइएको बाजाको रुप), मर्चुङ्गाहरु पनि दिने चलन रहेको पाइन्छ (चित्रफलक नं. ६९, ७०, ७१) ।

यसैगरी पुरुषको पहिरन दौरा, सुरुवाल, टोपी, जुहारीकोट हुन् । यी पहिरनहरु पनि उनीहरुको छेवरको संस्कार नगरेसम्म लगाउन हुन्न । पुरुषहरुको न्वारन र पास्नीको समयमा धागोको चुरा, कल्ली लगाइदिने र छेवरको समयमा त्यसलाई फालेर चाँदीका चुरा लगाइदिने प्रचलन पाइन्छ । सुन तथा चाँदीको विभिन्न प्रकारका औंठीहरु जस्ता गहना र पहिरन छन् । यस्ता पहिरन र गहनाहरु छेवरको कर्म गरेपछि मात्र लगाउने मान्यता रहेको पाइन्छ । यसरी यो समाजमा पहिरन तथा गरगहनासँग पनि संस्कारको सम्बन्ध रहेको देखिन्छ । वर्तमान परिवेशमा यस्ता परम्परागत मान्यताका विषयहरु केही ओभ्फेलमा पर्न थालेका छन् । शिक्षा, यातयात, संचारको विकास र विश्वव्यापीकरणको प्रभावले पनि यस्ता जातीय पहिचानका विषयहरुलाई पाखा पर्दै गएको छ ।

### ७.१.६ भोजन र संस्कार

साम्पाङ राई समाजमा जन्मदेखि मृत्युपर्यन्त प्रयोग गरिने मुख्य भोजनहरुमा जाँड, रक्सी, अदुवा, सुँगुर र कुखुराको मासु अनिवार्य मानिन्छ । यसअतिरिक्त भोजभतेर, अतिथि सत्कार आदिमा पनि यस्ता खाद्यवस्तुहरु आवश्यक मानिन्छ । यो समाजमा जाँड, रक्सीको प्रयोग सबै उमेरका सदस्यहरुलाई सामान्य मानिन्छ । उनीहरु आफ्ना घरमा आउने अतिथिहरुलाई पनि जाँडरक्सीले स्वागत गर्ने गर्दछन् । केही समयअगाडिसम्म जाँडलाई तोङ्बामा खाने गरेको भए पनि पछिल्लो समयमा तोङ्बा लोप हुँदै गएकाले जाँडलाई छनुवाको रुपमा प्रयोग बढेको पाइन्छ[६] (चित्रफलक नं. ७१) ।  जाँड, रक्सी, सुँगुरको मासु र अदुवा सवै प्रकारको धार्मिक कार्य र संस्कार (शुभ तथा अशुभ)हरुमा आवश्यक मानिन्छ । यस प्रकारका वस्तुहरु नभएको अवस्थामा यो समाजमा कुनै किसिमको संस्कारहरु गर्न सम्भव हुँदैन ।

---

[५]. परम्परागत गरगहनाहरुको प्रयोग विशेषगरी विभिन्न समारोह विवाह, साकेवा पूजाहरुमा अनिवार्य मानिन्छ ।

[६]. काठबाट बनाइएको तोङ्बामा जाँड दिनु वा आफैंले खानुलाई विशेष सम्मानको रुपमा लिएको पाइन्छ । यो दार रुखबाट बनाइन्छ । अन्य काठबाट बनाइए पनि गुणस्तरीय मानिँदैन ।

वर्तमान परिवेशमा यस प्रकारको परम्परागत खानाहरुप्रति युवाहरुको आकर्षण घट्दै गएको छ । विशेषगरी जाँड, रक्सीको बढी प्रयोग राम्रो होइन भन्ने चेतना वृद्धि भएको छ । यसैगरी परम्परागत रुपमा जाँड, रक्सी बनाउन प्रयोग गरिने सामानहरु पनि क्रमशः लोप हुँदै गएको छ । जस्तै, जाँड बनाउनका लागि आवश्यक पर्ने स्थानीय तहमा नै तयार गरिने मर्चा बनाउने दक्ष व्यक्तिहरुको अभाव हुँदै गएको छ भने अर्कातिर नवयुवाहरु स्थानीय रुपमा पाइने यस्ता पदार्थभन्दा पनि आधुनिक रुपमा विभिन्न कम्पनीहरुबाट उत्पादन हुने तयारी वस्तुहरुतर्फ आकर्षित हुँदै गएका छन् । यसबाट एकातिर आफ्ना जातिगत पहिचान लोप हुने खतरा देखिन्छ भने अर्कातिर जाँड, रक्सी बनाउन प्रयोग हुने अनाजहरु बचत हुने साथै जाँडरक्सीको लतमा फसेर बिग्रनेहरुको संख्या पनि घट्ने जस्ता राम्रा पक्षहरु पनि देखिएका छन् ।

### ७.१.७ चाडपर्व र संस्कारको सम्बन्ध

साम्पाङ राई जातिले मान्ने गरेका विभिन्न चाडपर्वहरुसँग पनि संस्कारको प्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ । यस्ता कतिपय चाडपर्व छन्, त्यससँग सम्बन्धित भएर संस्कार नगरे त्यो अपूरो हुन्छ । यसअनुसार यो जातिका चाडपर्वहरुसँग पनि संस्कारको सम्बन्ध छ ।

(क) **उभौली तथा उधौली** : साम्पाङ राईहरुले वर्षको दुईपटक उभौली र उधौलीलाई प्रमुख चाडको रुपमा मान्ने गर्दछन् । गाउँघरतिर यो चाडको समयमा नागपूजा/भूमेपूजा भव्यताका साथ गर्ने गर्दछन् । यो चाड १०-१५ दिनसम्म विभिन्न प्रकारका खानपान, विभिन्न स्थानहरुमा साकेला नाचेर रमाइलोसँग मनाउने गर्दछन् ।

मंसिरे पूर्णिमादेखि उधौली र वैसाखी पूर्णिमादेखि उभौलीको चाड र पूजा सुरु हुन्छ । साखेवा पूजामा विशेषगरी त्यही वर्ष विवाहित दुलहा-दुलहीहरुले भूमेपूजाको अवसरमा पूजाका साथ केही न केही वस्तु साकेवा थानमा चढाउनुपर्दछ । यसरी पूजा गरी इच्छाएको कुरा मागेमा पूरा हुन्छ, साथै विवाहिताहरुलाई समयमा सन्तान प्राप्ति हुन्छ भन्ने विश्वास रहेको पाइन्छ । हेर्दा सामान्य प्रकृतिको पूजा र चाड जस्तो मात्र देखिए पनि यस चाडसँग वैवाहिक जीवन तथा संस्कारसँग सम्बन्धित रहेको देखिन्छ । आजभोलि उधौली तथा उभौलीको चाड सहरबजारतिर पनि भव्य रुपमा मान्ने गरेको देखिन्छ तर गाउँघरमा

जस्तो परम्परामा आधारित धार्मिक र संस्कारसँग आवद्ध भएर गरेको पाइँदैन । आदिम कालखण्डदेखि नै मनाइँदै आएको चाडपर्वको आफ्नै महत्व र कारणहरु रहेका छन् । यस्ता चाडहरु रमाइलो मात्र नभएर आफ्ना मृत पुर्खाहरुको सम्झना गरी उनीहरुबाट आशिर्वाद लिने अवसर पनि हो ।

**(ख) दसैं** : दसैं हिन्दूहरुको महान् चाड हो । तथापि हिन्दूइत्तर मानिएको यस साम्पाङ राईजातिमा पनि यस चाडलाई सामान्यतः मान्ने गरेको पाइन्छ । हिन्दूहरु र राईहरुबीच चाड मान्ने प्रक्रिया केही भिन्न छ । दसैंमा साम्पाङ राईहरुले दही-अक्षताको सेतो टीका लगाउँछन् अन्यले जस्तो रातो लगाउँदैनन् ।

यो चाड साम्पाङहरुमा विवाह संस्कारसँग पनि सम्बन्धित देखिन्छ । यिनीहरुमा विवाहको अन्तिम संस्कार स्वरुप विवाह भएकै साल छोरीचेलीहरु यसबेला माइतिमा टीका लगाउन जानुपर्दछ । यसलाई दसैं हान्ने भन्दछन् ।[७] दसैं हान्न जाँदा गाछीघर (आमा-बाबु)को घरमा सुँगुरको एउटा फिला, एक चौंठो रक्सी सौगात लिएर जानुपर्दछ । यस्तै धिवाँःतोकहाँ पनि सुँगुरका एउटा फिलो मासु र एक कठुवा रक्सी, मावलीहरुलाई उनीहरुको मागअनुसार फिला वा सुँगुर सिंगै र रक्सीको परिणाम पनि मागअनुसार लिएर जानुपर्दछ । यस्तै अन्य दाजुभाइलगायत आफन्तहरुकहाँ पनि आफ्नो गच्छेअनुसारको सामान लिएर टीका थाप्न जानुपर्दछ । यस्ता सवै सामानहरुमा सयपत्री फूल पनि राख्न आवश्यक मानिन्छ । यी सामानहरु गाछीघरमा गएर बुझाएपछि त्यहीं बोलाएर सबैलाई जिम्मा दिइन्छ । यसपछि दुलहा-दुलहीले सवैको घरघरमा गएर टीका र आशिर्वाद लिन्छन् ।

टीका थाप्न आएका आफ्ना ज्वाइँ, छोरीचेलीलाई टीका लगाइदिएर आशिर्वादका साथ दक्षिणा दिने गर्दछन् । यसपछि मिठोमिठो खाना खुवाएर विदा गर्दछन् । यो समाजमा छोरीचेली दशैं हान्न आएपछि मात्र वैवाहिक संस्कारको अन्तिम रीति सम्पन्न भएको मानिन्छ । विवाह भएकै साल टीका हान्न आउन नसके दोस्रो वा तेस्रो वर्षसम्म भए पनि विधिपूर्वक आउनुपर्दछ । यो कर्मलाई पनि विवाहकै एक अंशको रुपमा हेर्ने गरिन्छ ।

---

[७]. बासपानी-९ निवासी **कर्मध्वज राई** (वर्ष ६९)सँगको कुराकानीमा आधारित ।

**(ग) तिहार** : अन्य समाजमा जस्तै साम्पाङ राई समाजमा पनि तिहारलाई महत्वका साथ मानिन्छ । यो चाडमा गाई पूजा, गोरु पूजालगायत पाँचै दिनका पूजाहरुलाई उत्तिकै महत्वका साथ मानेको पाइन्छ । गोरु पूजामा गोरुलाई नुन, भुस र सयपत्री फूलहरुसमेत मिसाएर दाउ खान दिने चलन छ । यसो गर्नाले वर्षभरि जोत्दाको गोरु पाप काटिन्छ भन्ने उनीहरुको मान्यता छ ।[८] यस्तै गाउँघरका अन्य व्यक्तिहरुको गोरु आफूहरुले जोत्न प्रयोग गरेको भए तिनीहरुलाई पनि नुन, भूस र सयपत्री फूल मिसाएर घरघरमा पुऱ्याइदिने चलन पनि छ ।

तिहारको अन्तिम दिनलाई भाइतिहार तथा फूलटीका पनि भनिन्छ । यो चाडको सबैभन्दा महत्वपूर्ण दिनको यसैलाई मानिन्छ । टीकाको निम्ति चेलीहरुले माइतिहरुलाई महिना दिनअगाडि नै एक कठुवा रक्सी र एक थुङ्गा सयपत्री फूल दिएर निम्तो दिन्छन् । सोही निम्तोअनुसार माइतिहरु चेलीको हातको टीका थाप्न जाने गर्दछन् । उता चेलीहरु पनि माला गाँस्ने, सेल रोटी पकाउने, मासुका विभिन्न परिकारहरु तयारी गरेर बस्ने गर्दछन् । माइतिहरुलाई टीका लगाइनसकेसम्म चेलीहरु उपवास बस्ने गर्दछन् । माइतिहरु आइपुगेपछि चेलीले पनि टीका लगाइदिई रोटी, दुनामा मासुका परिकार, कठुवामा रक्सी, तोङ्वामा जाँड, भातलगायतका खानेकुराहरु दिएर सम्मान गर्दछन् । माइतिहरुले पनि चेलीहरुलाई सम्मानका साथ खुट्टामा ढोगी यथासक्दो पैसा, लुगाजस्ता उपहारहरु दिने गर्दछन् । यो चाडबाट मनाइबाट चेली र माइतिहरुको आपसी सम्बन्ध अझ गाढा हुने विश्वास रहेको देखिन्छ । यसअतिरिक्त यो समयमा यिनीहरु विभिन्न प्राचीन मिथकमा आधारित गीत गाएर मारुनी नचाई रमाइलो गर्ने, देउसी-भैलो खेल्ने, लिङ्गे पिङ, रोटेपिङ थाप्ने गर्दछन् । उनीहरुको भनाइअनुसार दसैं र तिहारको टीका लगाएपछि एकपटक भुइँ छाड्नुपर्दछ । यसैले उनीहरु यस्ता चाडहरुमा पिङ खेल्न पनि आवश्यक ठान्दछन् । समग्रमा हेर्दा यो चाड मान्ने प्रक्रिया हिन्दूहरुको भन्दा साम्पाङ राईहरुको केही भिन्न रहेको देखिन्छ ।

**(ग) माघेसंक्रान्ती** : यो पर्वलाई किरात राईहरुले नयाँ वर्षको रुपमा मान्ने गर्दछन् । साम्पाङ राईहरु पनि किरातकै शाखा भएकाले उनीहरु पनि यस पर्वलाई

[८]. स्थानीय समाजमा रहेको प्रचलनअनुसार ।

किरात येले सम्वत्‌को नयाँ वर्षको रुपमा मनाउँछन् । माघ १ गतेदेखि येले सम्वत् सुरु भएको किरातहरुको मान्यता छ । मूलतः यो कृषिपर्व हो । यो समयदेखि हिउँदे बालीहरु लगाउन सुरु गरिन्छ । परम्परागत मान्यता र नयाँ वर्षको रुपमा मनाइने भएकोले यस पर्वमा पनि संस्कारको प्रभाव हुनु स्वभाविकै हो । यसैगरी यो पर्वलाई साम्पाङ राईहरुले आफ्ना पुर्खाहरुको सम्झनाको रुपमा पनि मान्ने गरेको पाइन्छ । उनीहरु यो चाडमा विशेषगरी वनतरुललाई अनिवार्य मान्दछन् । आफ्ना आदिम पुर्खाहरुले यही वनतरुललगायतका कन्दमूलहरु खाएर जीवन निर्वाह गरेकाले आफूहरुले पनि यस दिन उनीहरुको सम्झना स्वरुप वनतरुललगायतका कन्दमूलहरु खाएर मनाउँछन् । आजसम्म पनि चाडको अघिल्लो दिन नै जङ्गलमा गएर वन तरुल खोजेर ल्याउने गर्दछन् । संक्रान्तिको विहान स्नान गरेर पहिले वनतरुल एक टुक्रा काँचै खाएपछि मात्र पकाएका अरु कन्दमूलहरु खान्छन् । संक्रान्तिको विहान प्रायः सबैले कन्दमूलहरु मात्र खाएर चाड मान्ने गर्दछन् । यसरी यो चाड नयाँ वर्ष र पुर्खाहरुको सम्झनासँग सम्बन्धित रहेर मानाउने गरेको देखिन्छ ।

(घ) **चैतेदशै** : चैतेदसैंलाई पनि साम्पाङ राईहरु पर्वको रुपमा मान्दछन् । यो पर्व मुख्यगरी वर्षे बालीनाली सुरु गर्ने समयमा पर्ने भएकोले यसलाई पनि कृषिसँग सम्बन्धित पर्व भन्न सकिन्छ । यो पर्वमा पनि अन्य चाडपर्वहरुमा जस्तै जाँड, रक्सी, मासुलगायतका परिकार खाएर सम्पन्न गर्दछन् । यस पर्वले पनि संस्कारको झल्को दिन्छ ।

पहिलेपहिले चैतेदसैंलाई ठूलो दसैंको रुपमा मानिन्थ्यो तर चैतको समयमा अन्नहरु पर्याप्त नहुनाले हुनाले आश्विन-कार्तिकतिर सारिएको हो भन्ने भनाइ पनि छ । यस्तै अर्को भनाइअनुसार अब वर्षा लाग्न लाग्यो, वर्षाको समयमा बाढीपहिरो लाग्न सक्ने र त्यस्तो प्राकृतिक विपत्तिबाट जोगिन सकिन्छ कि सकिन्न भनी सबै मिलेर रमाइलोका साथ चाड मनाइराखौं भन्ने भनाइ पनि छ ।[९] यसरी चाडका विषयमा विभिन्न भनाइहरु भए पनि कृषिव्यवसायसँग पनि सम्बन्धित भएर यो चाड मनाउने गरिन्छ ।

[९]. स्थानीय भनाइमा आधारित ।

(ङ) **साउनेसंक्रान्ती** : साउन १ गतेलाई पनि साम्पाङ राईहरु उत्साहका साथ मनाउँछन् । यो पर्व वर्षे खेतीपाती समापनको पर्व मानिन्छ । यस दिन विभिन्न अन्नबाली तथा फलफूलको माला बनाएर घरको ढोकामा झुन्ड्याउने र सामानहरुको केही भागलाई नाङ्लोमा राखी अगुल्टोसहित राँकेभूत मन्साउने काम पनि हुन्छ । यो परम्परागत चलन हो । यसरी राँकेभूत मन्साएमा अन्नबाली सप्रन्छ, कुनै रोगव्यधि लाग्दैन भन्ने धारणा रहेको छ । यसको दोस्रो दिन खेतबारीमा प्रवेश नगर्ने परम्परा छ । यसदिन सिकारीहरु सिकार खेल्न जाने चलन छ । माहिलाहरु घरमा विभिन्न शिपका काम गरी बस्ने गर्दछन् । यी सबै मान्यताहरु परम्परामा आधारित छ ।[१०] यसरी यो चाड पनि यस जातिको जीवन-संस्कारसँग सम्बन्धित रहेको पाइन्छ । यो समाजमा रहेको मिथकअनुसार श्रावण महिनादेखि वर्षको समय समाप्त भै हिउँदको समय सुरु हुने भएकाले यसउप्रान्त कुनै प्रकारको बाढीपहिरोजस्ता दैविप्रकोप लाग्दैन भन्ने भनाइ छ । यस वर्षको प्राकृतिक विपत्तिबाट बाँच्न सफल भइयो भन्ने खुसियालीको रुपमा पनि यस चाडलाई मान्ने गरेको पाइन्छ ।

साम्पाङ राई समाजमा यस्ता धेरै चाडपर्वहरु मान्ने गरेको र ती सवै चाडहरु मान्नुसँग संस्कारको निकटत्तम सम्बन्ध रहेको पाइन्छ । यस्ता चाडपर्वहरु अन्य जातिका राईहरुले पनि मान्छन् तर मान्ने विधि र प्रक्रियाहरु फरक पाइन्छ । अन्य जातिहरुको भन्दा अलग ढंगबाट मनाइने भएकाले पनि यिनीहरुको चाड मनाइको फरक महत्व रहेको छ ।

## ७.२ संस्कार बारे वर्तमानमा देखिएका परिवर्तित स्वरुप

मानवसमाज परिवर्तनशील छ । मानव समुदायको भावना, इच्छा, आकांक्षा, सामाजिक परिवेश, बाह्य जगतमा हुने परिवर्तन आदि कारणबाट समाज एकै परिवेशमा स्थिर रहन सक्दैन । समाज प्रत्यक्ष वा परोक्ष रुपबाट परिवर्तनतर्फ उन्मुख भैरहन्छ । यस्ता परिवर्तनका विभिन्न कारणहरु धेरै देख्न सकिन्छ । परिवर्तनका केही सिद्धान्तहरु पनि देख्न सकिन्छ ।

---

[१०]. स्थानीय लोककथाहरुमा आधारित ।

सामाजिक परिवर्तनबारे समाजशास्त्री सी. एन. शंकरावको भनाइ सान्दर्भिक देखिन्छ । उनको भनाइअनुसार सबै सामाजिक परिवर्तन भन्ने कुराहरु एकनासका अथार्त् महत्वत्वपूर्ण रहँदैन तर पनि केही परिवर्तनहरु मानवीय आवश्यकता, सन्तुष्टि तथा बाँच्नका लागि पनि आवश्यक हुन्छ । उनी लेख्छन्, "All the cultural changes are not equally important. Some changes are introduced to culture because they are considered necessary for human survival. Some other changes are accepted in order to satisfy socially acquired needs not essential for suevival."[११]

यसैगरी सामाजिक परिवर्तनका सन्दर्भमा पिटर ब्लोको भनाइमा गतिशिलता सामाजिक संरचना र अन्योन्य परिवर्तनका लागि आवश्यक शर्त हो भन्ने रहेको छ । तर, अन्तरजातिय सम्बन्धको अभावमा भने सजातीय सम्बन्ध सुदृढ हुन्छ । जसले संरचनात्मक परिवर्तनलाई सहयोग पुऱ्याउँदैन । यस्तो अवस्थामा जातिगत विभेदले जातिभित्रका सम्बन्धलाई झनै बलियो बनाउँछ र अन्तरजातीय सम्बन्धलाई हातोत्साहित गर्दछ । पेशागत हैसियत र त्यसमा विभन्नता भएका अवस्थामा शिक्षा, प्रतिष्ठा, आयस्रोत तथा शक्तिले पनि फरकपना पाउन सकिन्छ ।[१२]

यसअनुसार समाज परिवर्तनबारे यी केही सैद्धान्तिक व्याख्याहरु हुन् । यस्ता सिद्धान्तलगायतका स्थानीय परम्परामा आधारित अन्य कारण र तत्कालीन परिवेशले समेत सामाजिक परिवर्तनमा नयाँ मोड लिन्छ । साम्पाङ राईजातिमा रहेको परम्परागत मान्यताहरुमा इतिहासकालदेखि वर्तमानसम्म आइपुग्दा धेरै परिवर्तनहरु भएको पाइन्छ । यसका विभिन्न कारणहरु छन् । मानवीय समुदायमा आएको नयाँ सोच र व्यवहार, विभिन्न जातिगत सम्बन्ध, आर्थिक क्रियाकलाप र यसले ल्याउने सामाजिक क्रियाकलापको नयाँ गतिले पुराना सामाजिक व्यवहारहरुलाई विस्थापित गर्दै जान्छन् । यसैगरी धरातलीय र वातावरणीय परिवर्तन, राजनीतिक गतिविधि, सहरीकरण, संचार तथा यातयातको विकास, विदेशी मुलुकहरुबाट आयातीत नयाँ संस्कृति आदिले यसमा भूमिका निर्वाह गरेको हुन्छ । सामाजिक परिवर्तनमा सामाजिक संस्कार र त्यसका क्रियाकलापले भूमिका खेल्दछन् ।

---

[११]. सी. एन. शंकरा राव, **सोसियोलोजी,** (न्यू देल्ही : एस. चन्द ७ कम्पनी लिमिटेड), वि. सं. २०६६, पृ. २०२

[१२]. पिटर एम. ब्लाउ, **प्यारामिटर्स इन सोसियल स्ट्रक्चर,** (पिटर एम. ब्लाउ इड. लण्डन ओपन बुक), वि. सं. २०३३, पृ. २३८

कतिपय लेखक तथा ग्रन्थकारहरुले जुनसुकै समुदाय वा सङ्घ-सङ्गठनको सुधार र परिवर्तनका लागि द्वन्द्वको आवश्यक ठानेको पाइन्छ । द्वन्द्वले मात्र सुधार र परिवर्तनको ढोका खोल्दछ भन्ने उनीहरुको धारणा पाइन्छ । यसर्थ कुनै जाति वा समुदाय अन्यायमा पर्नु उसको लागि परिवर्तनको सर्त हुन सक्दछ ।

नेपालको पूर्वी पहाडी क्षेत्रका तत्कालिन किरात राईहरुको स्वतन्त्र राज्यमा गोरखाका राजा पृथ्वीनारायण शाहले राज्य एकीकरणको नाममा हमला गरी सिङ्गो नेपालमा परिणत गरेपछि साम्पाङ राईहरुको स्वतन्त्र राज्यव्यवस्था पनि समाप्त भएको बुढापाकाहरुको भनाइ छ । यसबारेका पृथ्वीनारायण शाहकै लिखतहरुबाट पनि पुष्टि हुन्छ । यस विषयमा माथि नै चर्चा गरिएको छ । यस प्रकारले राज्य एकीकरणपछि आफ्ना स्वतन्त्र राज्यव्यवस्था समाप्त हुनुले यो जातीय समुदायमा ठूलो परिवर्तन आएको मानिन्छ । यसपछि यहाँका केही सक्षम परिवारहहरु अन्यत्रै बसाइँ सरेको बुझिन्छ । यसले गर्दा स्थानीय समाजमा नकारात्मक प्रभाव परेको अनुभव हुन्छ । सामाजिक तथा आर्थिक अवस्था कमजोर भएकाहरु मात्र बसोबस गर्नुपर्दा उनीहरुलाई आफ्नो जातिगत संरक्षण नभएको, निःसाहय तथा एक्लोपनाको अनुभूति गर्नुपरेको अनुमान गर्न सकिन्छ । उता अन्यत्र बसाइँ सरी जानेहरुले पनि सुखसयलको अनुभूति गरेको पाइँदैन । किनभने, पुर्खादेखि बसोबास गरी आएको जन्मभूमि छाडेर नौलो स्थान र नयाँ परिवेशमा बस्नु गाह्रो हुने नै भयो । योभन्दा पनि नकारात्मक प्रभाव भने नयाँ समाजमा बसोबास गर्नेहरुले आफ्नो धर्म, संस्कार, प्रथागत मूल्यमान्यता साथै मातृभाषाहरु भुल्दै जानु हो । जो सामान्य विषय पनि होइन ।

राज्य एकीकरणपछिका दिनमा स्थानीय प्रशासन संचालनका लागि केही अधिकार दिएर पुनः राई, मुखियाहरु नियुक्त गरियो । तर, यसले पुराना संरचनाहरु जोगिन सकेन जसले गर्दा नयाँ परिवेशमा बाँच्न स्थानीयबासीहरु बाध्य भए ।

साम्पाङ राईजातिमा नयाँ पिँढी परम्परागत कृषि, पशुपालन, सामान्य घरेलु उद्योगको सट्टा अन्य पेशातर्फ आकर्षित हुँदै गएका छन् । परम्परामा आधारित पेशामा बढी परिश्रम गर्नुपर्ने तर आम्दानी कम हुने र जीवन कष्टकर हुने भएकाले पनि नयाँ र सहज पेशातर्फ आकर्षण बढ्दै गएको हो । तर, पुरानो सामाजिक संरचनाले गर्दा यो अवस्था सजिलै परिवर्तनको सफलता पाउने अवस्था भने देखिँदैन ।

यो समाजमा पहिलेको तुलनामा शैक्षिक स्तरमा केही सुधार आएको मानिए पनि उच्च शिक्षातर्फ धेरैको आकर्षण बढेको पाईँदैन । यसको पहिलो कारण त गाउँघरबाट उच्च शिक्षा हासिल गर्न टाढाको सहरीक्षेत्रमा जानुपर्ने, अर्कातिर आर्थिक अभाव छ । त्यस्तै कसैले दुःखकष्ट गरेर उच्च शिक्षा हासिल गरे पनि राम्रो रोजगारी नपाउने समस्याका कारण उच्च शिक्षातर्फ आकर्षण नबढेको हो । यसैगरी उच्च शिक्षातर्फ आकर्षित गर्नेखालका जनचेतनामूलक कार्यक्रमहरु पनि सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुले संचालन गरेको पाइँदैन । यिनै कारणहरुले साम्पाङ राई समाजले २१औं शताब्दीमा पनि नयाँ ढंगबाट जीवनस्तर उकास्न सकिरहेको छैन । तथापि केही मात्रामा भए पनि नयाँ परिवर्तनका लक्षणहरु देखिन थालेको आभास भने हुन्छ ।

उपरोक्त कुराहरुले साम्पाङ राईजातिको सामाजिक-सांस्कृतिक जीवनपद्धतिमा क्रमशः परिवर्तन आइरहेको छ । यो परिवर्तनले उनीहरुका परम्परागत जातीय, धार्मिक गतिविधि र संस्कारमा पत्यक्ष प्रभाव पारिरहेको छ । यस्तो प्रभाव मूलतः जन्मदेखि मृत्युसम्मका संस्कारविधि, मान्यता, स्वरुप र शैलीमा देखिनु स्वभाविकै हो । एकातिर पुरानो पिढी कम हुँदै जानु, अर्कोतर्फ नयाँ पिढीको वृद्धि हुनु तथा विभिन्न कारणले प्रत्यक्ष भूमिका खेल्नु यसका प्रमुख कारण हुन् ।[१३]

**राजनीतिक प्रभाव** : साम्पाङ राई समाजमा मुख्यतः देशको राजनीतिक व्यवस्थाको परिवर्तनले ठूलो प्रभाव परेको देखिन्छ । पहिलो कुरा, वि.सं. १८३० तिर गोरखाका राजा पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्दा स्वतन्त्र राज्य खोसिएपछि आफ्नो सामाजिक संरचना बिग्रन गई सामाजिक व्यवस्था लथालिङ्ग भयो । यसपछिका दिनहरुमा वि.सं. २००७ सालको आन्दोलनले पनि यो समाजमा प्रभाव पार्‍यो । वि.सं. २०४६ र २०६२/६३ को जनआन्दोलनले यो समुदायमा नयाँ राजनीतिक चेतनाको ल्याएको छ । देशमा बेलाबखत हुने यस्ता राजनीतिक आन्दोलन र स्थापित राजनीतिक परिवर्तनले ल्याउने नयाँ सोच, नयाँ मान्यता, नयाँ कानुनी व्यवस्था आदि यो जातिको सामाजिक परिवर्तनको कारण बनेको पाइन्छ । विभिन्न हकअधिकारलगायतका कुराहरुको खोजी गर्ने, सरकारसमक्ष अधिकारहरु माग गर्ने र स्थापित अधिकारको उपयोगलगायतका कुराहरुले पनि समाजमा नयाँ चेतनाको विकास भएको देखिन्छ । अहिले लोप हुने अवस्थामा पुगेका आफ्नो भाषा, संस्कृति,

---

[१३]. स्थलगत अध्ययनमा आधारित ।

धर्मजस्ता जातिगत पहिचानका विषयहरुको खोजी र संरक्षणतर्फ धेरैको ध्यान आकर्षित भएको छ । यसरी राजनीतिक तथा शैक्षिक चेतनायुक्त जागरणले केही अग्रजहरुबाट कतिपय पुराना र रुढीवादी मान्यताहरुको स्थानमा नयाँ संस्कारहरु स्थापित गर्ने प्रयास भएको छ । हाल यो जातिमा पुराना जातिगत मूल्यमान्यताहरुमा परिवर्तन र पुनर्जागरणको लहर आइरहेको महसुस हुन्छ ।

नेपाल एकीकरणदेखि विभिन्न समयमा भएका राजनीतिक परिवर्तन, शैक्षिक, सामाजिक, आर्थिक, वैज्ञानिक तथा सांस्कृतिक परिवर्तनले साम्पाङ राई समाजमा प्रत्यक्ष प्रभाव परेको छ । यसले सामाजिक, सांस्कृतिक, धार्मिक मूल्यमान्यताहरुमा सकारात्मक र नकारात्मक दुवै प्रकारका असरहरु पारेको छ । अनावश्यक रुढीवादी परम्परा छाड्दै गएको पाइन्छ र त्यसका ठाउँमा आधुनिक तथा परिमार्जित संस्कारहरुको स्थापना हुँदै गएको छ । विगतमा समाज निकै संकुचित अवस्थामा गुज्रिएको थियो । समाजमा ठूला जाति र साना जाति र दलितमाथि ठूलो विभेद थियो । समयको परिवर्तनसँगै यस्ता विभेदहरु हट्दै गएका छन् । पहिलाको तुलनामा समाजमा छुवाछूत घटेर गएको छ भने यस्ता निम्न वर्ग अर्थात् पिछडिएका जाति, जनजाति, दलितहरुलाई राज्यपक्षबाट केही अवसरहरु दिने नयाँ सरकारी नीतिहरु पनि बन्दै छन् । यसले पहिला तल्लो जातिको रुपमा चिनिएकाहरुले पनि केही राहत र समानताको बोध गर्दैछन् । तर, जातीय पहिचानका आधारहरु भाषा, धर्म, संस्कृतिहरुमा समेत नौलो मूल्यमान्यताका संस्कारहरु भित्रिँदै जानुलाई नकारात्मक असर मान्न सकिन्छ ।

**बसाइँ-सराइ :** साम्पाङ राई समाजमा बसाइँ-सराइले परम्परागत मान्यता, धार्मिक क्रियाकलाप, सामाजिक जीवनका विभिन्न पक्षहरु खानपिन, पहिरन, रहनसहन, आचरण, बोलीव्यवहार आदिमा प्रभाव परेको छ । सामाजिक सम्मिलनको सिद्धान्तअनुसार नयाँ ठाउँमा बसाइँ-सराइ गरिजाँदा नयाँ परिवेशमा बाँच्नुपर्ने, जीवन संचालन गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा नयाँ समाजका कुराहरु ग्रहण गर्नुपर्दछ । यस्तो भए मात्र जीवन सरल हुन जान्छ । आफ्ना केही कुरा छोडी नयाँ समाजका चालचलन, रीतिरिवाज स्वीकार्नुपर्ने परिस्थितिबाट साम्पाङ राई जाति पनि अछुतो छैन । यसले उनीहरुको संस्कार, पद्धति, शैली र स्वरुपमा पनि प्रभाव परेको देखिन्छ । जसले गर्दा उनीहरुको पहिचान अप्ठ्यारोमा पर्दै

गएको छ ।[१४] बसाइँ-सराइले मानवीय समाजमा नयाँ परिवर्तन र चेतना ल्याउँछ । यसकारण यस्ता समाज केही सक्षम पनि बन्दै जान सक्दछ । तर, यस्ता चेतना र सक्षमताले जातीय पहिचानका आधारहरु भने सधैं खतरामा पर्दै जाने देखिन्छ ।

**अन्तरजातीय सम्बन्ध** : यो समाजमा परिवर्तन हुँदै जानुमा अन्तरजातीय सम्बन्धको भूमिका पनि प्रमुख कारण बनेको छ । पहिलापहिला साम्पाङ राईहरु अन्य जातिहरुसँगको सम्बन्धबाट टाढै रहन मन पराउँथे । तर, बदलिँदो समाज र आफ्नो आवश्यकता पूरा गर्न एकअर्काको सहयोग अति आवश्यक पर्ने हुँदा अन्य विभिन्न जातजातिहरुसँग आपसी सम्बन्ध बढाउँदै गएका छन् । समाजमा विभिन्न पेशामा आवद्ध विभिन्न जातीय समूहहरु हुन्छन् । दैनिक जीवन संचालनको लागि विभिन्न व्यवसायिक समूहसँग समन्वय गर्नुपर्ने हुन्छ । यसले पनि उनीहरुको परम्परागत मान्यता, शैलीमा प्रभाव परिरहेको छ । विगतमा संकुचित जाति व्यवस्थाका कारण साम्पाङ राईहरुलाई पनि वैश्य कोटीमा राखेर हेर्ने गरिन्थ्यो । २००७ सालको राजनीतिक परिवर्तन, मुलुकी ऐनको व्यवस्था, २०४६ सालको परिवर्तन, २०६२/६३ को परिवर्तनले यो अवस्थामा परिवर्तन आएको छ । यो परिवर्तनले साम्पाङ राईहरुलाई खुकुलो बनाइदिएको छ । यही खुकुलोपनले पनि उनीहरुको सामाजिक, सांस्कृतिक र धार्मिक जीवनमा प्रभाव परेको देखिन्छ । यसले उनीहरुको परम्परागत जातीय संस्कार, मूल्यमान्यतामा पनि प्रत्यक्ष प्रभाव परिरहेको अनुभूत हुन्छ ।

वि.सं. २०२० सालमा देशमा नया मुलुकी ऐन लागु गरी नेपाली समाजमा विद्यमान विभिन्न प्रकारका जातीय विभेदलाई निर्मूल गर्ने कानुनी प्रयास गरेको पाइन्छ । यो ऐन लागु भएपछि समाजमा व्याप्त रहेका छुवाछूत, जातीय भेदभाव केही हदसम्म कमजोर भएको मान्न सकिन्छ । यो सकारात्मक प्रभाव साम्पाङ राई समाजमा पनि पाइन्छ ।

**शिक्षा तथा चेतना** : साम्पाङ राईहरुमा शिक्षा र त्यसबाट विकास भएको चेतनाले परम्परागत समाज, पुराना मान्यता, पुरानो पिढीको विश्वास, केही रुढिवादी धाररणामा परिवर्तन आउन थलेको देखिन्छ । नयाँ पुस्ताले सामाजिक, सांस्कृतिक र धार्मिक कुराहरुलाई विज्ञानको दृष्टिकोणले पनि हेर्ने, बुझ्ने गर्दछन् । यो पुस्ताले मुन्धुमी शिक्षाभन्दा आधुनिक शिक्षा प्रणालीलाई पछ्याउन थालेको पाइन्छ । तर, ग्रामीण भेगहरुमा बसोबास गर्ने

[१४]. स्थलगत अध्ययनमा आधरित ।

बुढापाका तथा केही युवा समूहहरु आफ्ना परम्परावादी मान्यताहरुलाई त्यागेर नयाँ संस्कार स्वीकार गर्न तत्पर छैनन् । सहर-बजारहरुमा बसोबास गर्ने तथा बसाइँ-सराइबाट अन्यत्र गएकाहरुमा परिवर्तनको प्रभाव बढी देखिँदै छ भने स्थानीय गाउँसमाजमा यस्ता प्रभाव कम देखिएको छ ।[१५]

**अन्य समाजको प्रभाव** : एउटा जातीय समाजबाट अर्को जातीय समाज प्रभावित हुने गर्दछ । बसराइँ-सराइबाट अन्य समाजमा आएकाहरु त्यहाँको समाजबाट प्रभावित हुन्छन् । यसलाई समाजशास्त्रमा सामाजिक सम्मिलन भनिन्छ । यस्तो अवस्थामा अरुका संस्कार, चालचलन, शैली, रहनसहन स्विकार्नुपर्ने बाध्यता वा आवश्यकता दुवै हुन जान्छ । कतिपय साम्पाङ राईहरु जो आफ्नो परम्परागत थातथलो छाडेर अन्यत्र गएका छन्, उनीहरुमा यो स्थिति देखिन्छ । यस्तो अवस्था केही अनुकरण र रहरले पनि सिर्जना हुन जान्छ भने युवा जमातको विभिन्न वर्ग-समूहसँग सम्पर्क र साथीहरुको लहैलहैमा लागेर पनि नजानिँदो गरी नयाँ संस्कारहरु ग्रहण गर्न पुग्दछन् । यसको असर विस्तारै परिवार र समाजमा पनि पर्ने हुँदा आफ्नो परम्परागत मान्यताका ठाउँमा अर्को जातिका संस्कारहरु भित्रिन्छ । यस्तै साम्पाङ राईहरुको थातथलोमा बसोबास गर्ने अन्य जातिहरु पनि साम्पाङ भाषाबाटै सबै व्यवहार गर्ने, अन्य संस्कारका कर्महरु पनि साम्पाङ राईकै मान्यताअनुसार गर्ने गरेको पाइन्छ र उनीहरुले आफ्ना परम्पराहरु भुलिसकेका पाइन्छ । उनीहरु साम्पाङ राई जातिमा समाहित भैसकेको जस्तो देखिन्छ । यसै प्रकारबाट साम्पाङ राईहरु पनि गैरसाम्पाङ समाजमा बसाइँ सरेपछि त्यही समाजमा समाहित हुनु स्वभाविक हुन्छ । यसप्रकार विभिन्न कारणबाट अन्य समाजको प्रभाव, अन्तरजातीय विवाहसमेतले सामाजिक, सांस्कृतिक, भाषिक तथा धार्मिक परिवर्तन हुने देखिन्छ । यस्तो प्रभावबाट साम्पाङ राईहरु पनि प्रभावित छन् ।[१६]

**शहरीकरण** : साम्पाङ राईहरु पनि विभिन्न कारणले सहरीकरणतर्फ अभिमुख हुन थालेको देखिन्छ । सहरमा विभिन्न जाति, पेशा, व्यवसाय, बनावट, संरचनाहरु हुन्छन् । आफूलाई सहरीया शैलीमा ढाल्न खोज्न रुचाउनु मानवीय स्वभाव हो । हाम्रो समाजमा

---

[१५]. स्थलगत अध्ययनमा आधरित ।

[१६]. स्थलगत अध्ययनमा आधरित ।

दूरदराजका ग्रामीण क्षेत्र र सहरीया जीवनशैलीमा ठूलो भिन्नता पाइन्छ । सहरीया जीवनमा प्रवेश गरेपछि सहरीया हुन चाहनु स्वभाविकै हो । यही कारणले परम्परागत बसोबास क्षेत्रका साम्पाङ राईहरुका संस्कारमा पनि परिवर्तनहरु देखिन थालेको छ । यसअनुसार उनीहरुको संस्कारहरुमा न्वारन पास्नीदेखि छेवर तथा गुन्यूचोली, वैवाहिक कर्म, मृत्युका कर्म र कुबीको भूमिकामा समेत देखिने गरेको छ । उदाहरणका लागि काठमाडौंलगायत राईहरु बसोबास गर्ने विभिन्न सहरबजार क्षेत्रमा उधौली-उभौलीको साकेला मनाउने प्रक्रियामा आएको फरकलाई हेर्न सकिन्छ भने जन्मदेखि मृत्युसम्मका संस्कारहरु पनि बेग्लै ढङ्बाट गर्न थालेको पाइन्छ । राईहरुको पुरानो बसोबास मनिएको माझकिरात क्षेत्रमा जुन शैलीमा यस्ता चाडपर्व, संस्कार, संस्कृतिहरु मानिन्छ, त्यो यस्ता सहर-बजारतिर हराउँदै गएको देखिन्छ । कुबीहरु पनि सहरबजारमा औपचारिक मात्र हुन्छन् । मुन्धुम विधिहरुसमेतमा पूर्णता पाइँदैन । गाउँघरतिर मृत्यु संस्कार गर्दा मृतकलाई आफ्नै बारीमा गाड्ने संस्कार भए पनि सहरबजारमा मृतकलाई गाड्ने आफ्नै जमिन नहुने हुँदा अन्यत्रै जङ्गलमा लानुपर्ने बाध्यता छ । यसले पनि परम्परागत संस्कारमा परिवर्तन बाध्यकारी बन्दै गएको छ ।

शहर-बजारतिर बसोबास गर्ने साम्पाङ राई जातिमा जीवनका हरेक पक्षमा परम्परागत संस्कार लोप हुँदै गएको देखिन्छ । उदाहरणको रुपमा यो जातिमा स्थानीय मान्यताअनुसार जन्मदिनमा कुनै उत्सवहरु गरिँदैन । तर, सहर-बजारतिरकाहरुले यस्ता जन्मोत्सव भव्यताका साथ मनाउने प्रचलन बढेर गएको देखिन्छ । वैवाहिक कार्य सम्पन्न गर्नलाई चुल्होको आवश्याकता कम हुँदैगएको छ । विवाहका कार्यहरु विभिन्न पार्टीप्यालेसहरुमा गर्ने गरेको पाइन्छ, जहाँ आफ्नो जातीय पहिचानको झल्कोसम्म पनि पाइँदैन । सहरीयाहरु मृतकलाई गाड्नेभन्दा पनि जलाउनेतर्फ आकर्षित हुँदै गएको पाइन्छ । आशौच सम्बन्धमा पनि अन्य समाजको मान्यताअनुसार कतै १३ दिन त कतै ४५ दिन बारन गर्ने गरेको देखिन्छ । पितृपूजाको कुरा लोपोन्मुख अवस्थामा पुगिसकेको अवस्था छ । यसका केही बाध्यताहरु पनि देखिन्छ । जस्तो कि सहर-बजारतिर कुबीहरुको अभाव हुनाले पितृपूजा गर्न सम्भव देखिँदैन, घरमूलीले आफैं गर्नलाई पनि उनमा परम्परागत ज्ञानको कमी र भाषाको ज्ञान हुँदैन । यसअनुसार सामाजिक मान्यताका कुरालाई जसो गर्दा सहज हुन्छ, त्यसतर्फ लम्कन थालेको देखिन्छ । यसले पुराना मान्यता विस्थापित हुँदै गएको छ ।

**संचार तथा यातयात** : २१औं शताब्दीमा संचारको विकासले ठूलो फड्को मारेको छ । विश्वका जुनसुकै कुनामा भएका नयाँ घटनाहरु, सामाजिक परिवर्तनका विषय, नयाँनयाँ फेसनलगायतका कुराहरु मिनेटभरमा टेलिभिजनको माध्यमबाट देख्न सकिने हुन्छ । फोन, मोबाइलहरुको माध्यमबाट मानिसहरुलाई ज्यादै नजिक बनाइदिएको छ । अहिले सहरमा मात्र नभएर गाउँका कुनाकाप्चासम्मका प्रायः सवैसँग हातमा मोबाइल फोन देख्न सकिन्छ । सहर नदेखेका, टिभी, गाडी नदेखेकाहरुसमेतको हातमा मोबाइल भने सहजरुपमा पुगेको र टाढाटाढाका आफन्तहरुसँग सहज रुपमा सम्पर्क रहन सक्ने वातवरण सृजना भएका छन् । जसको कारणले कम शिक्षा हासिल गरेकाहरु समेतमा संचारको राम्रो चेतना वृद्धि भएको छ । यसबाट गाउँसमाजमा आर्थिक भार बढेको भए पनि घण्टौंसम्म हिँडेर आवश्यक खबरहरुको आदानप्रदान गर्नुपर्ने समस्याबाट धेरैले मुक्त भएका छन् ।

यस्तै यातयातको माध्यममा हवाइजहाजबाट पनि छोटो समयमा विश्वका विभिन्न कुनासम्म पुगरेर त्यहाँको वस्तुस्थितिको जानकारी पाउन सम्भव भएकाले पनि अन्य जातिको संस्कार, संस्कृति भित्रिनमा सहयोग पुग्ने देखिन्छ । यसअनुसार संसारका जुनसुकै जातजातिहरुको सामाजिक संस्कार, भाषा, धर्मलगायतका मान्यताहरु सम्बन्धित जातिले मात्र नभएर अन्य विभिन्न समूह, समुदायका जातजातिहरुले पनि सजिलै बुझ्न सक्ने भएकोले युवा पिँढी नौलो संस्कारहरुप्रति जिज्ञासु र आकर्षित हुँदै जानु स्वभाविकै हो । यसले गर्दा परम्परागत संस्कार, संस्कृतिहरु दिन प्रतिदिन छायाँमा पर्दै गएका छन् । यसबाट खासगरी सहरी जीवन गुजारा गर्ने साम्पाङ राईहरु अछुतो रहेका छैनन् । सहर-बजारतिर बस्नेहरु थोरै सङ्ख्यामा भए पनि त्यसको प्रभाव गाउँगाउँसम्म गहिरोसँग परेको छ । सहर-बजारतिरका साम्पाङ राईजातिमा परम्परागत मान्यतामा देखिएको परिवर्तनले गाउँघरसमेतमा प्रभाव पार्दै गएको छ ।

विश्वव्यापीकरणले पनि मानव समाजमा नयाँ सोच र नयाँ गतिविधि बढेको छ । विश्वका धनी र शक्तिसम्पन्न मुलुकहरुले यातयात, संचारलगायतका अत्याधुनिक साधनहरुको विकास गरी संसारलाई सानो बनाउँदै लगेका छन् । यसले गर्दा जो कोही पनि नयाँ परिवर्तनतर्फ उन्मुख हुन बाध्य छन् । यस्ता अनेक प्रकारका नौलो प्रभाव साम्पाङ राईहरुमा परिवर्तनको बाहक पनि बन्दै गएको छ ।[१७] सरकारको नयाँ नीतिअनुसार गाउँ

[१७]. स्थलगत अध्ययनमा आधरित ।

विकासका लागि स्थानीय स्तरमा बजेटहरु जान थालेपछि गोरेटोदेखि सडक निर्माण कार्य पनि थालनी भएको छ । देशका मुख्य राजमार्गहरुसँग नजोडिएको भए पनि विभिन्न उपायले सवारीका साधनहरु गाउँगाउँमा पुर्‍याइएको छ । गाउँघरमा साना गाडी, ट्र्याक्टर, मोटरसाइकल जस्ता सामान्य सवारीका साधनहरुको पहुँच बढ्दै गएको देखिन्छ । यसले केही मात्रामा भए पनि एक स्थानबाट अर्को स्थानमा आवतजावत गर्न सुविधा बढेको छ । सडकको विकासले गाउँसमाजमा सामाजिक चेतना र नयाँ लहर वृद्धि हुँदै गएको छ ।

**आर्थिक अवस्था** : मानव जीवनमा परिवर्तन ल्याउने विभिन्न पक्षमा आर्थिक अवस्था र क्रियाकलापमा पनि पर्दछन् । परिवारको आर्थिक अवस्थाअनुसार उसका गतिविधि संचालन भैरहेका हुन्छन् । आर्थिक उपार्जनको लागि सहरबजार पस्नु, रोजगारीमा लाग्नु, वैदेशिक रोजगारीतर्फ आकर्षित हुनु, जातीयबाहेकका व्यवसाय अपनाउनु जस्ता कारणले पनि उनीहरुको परम्परागत मान्यता, धर्म, विश्वास, आस्था, समाज, संस्कृति, भाषा र संस्कारमा परिवर्तन देखिएको पाइन्छ । अर्को कुरा, आर्थिक समृद्धिले मानिसलाई आधुनिकतातिर आकर्षित गर्दछ भने सामान्य आर्थिक अवस्था, ग्रामीण परिवेशले परम्परा जोगाउन प्रेरित गरिरहेको हुन्छ । यिनै कारण सहरीया जीवनमा परिवर्तनको प्रभाव चाँडै पर्छ तर गाउँ-समाजमा प्रभाव विस्तारै पर्ने दखिन्छ ।

सहरी जीवनमा बस्ने तथा केही आर्थिक अवस्था राम्रो भएका साम्पाङ राईहरु आधुनिक क्रियाकलापहरुतर्फ आकर्षित हुनु अनौठो कुरा हुँदैन । उनीहरु पुराना जीवनशैली, पुराना मान्यताहरुलाई त्यागेर नयाँनयाँ प्रवृत्तिमा समाहित हुँदै जानु पनि समाज परिवर्तनको कारक तत्व हुन पुगेको छ । यसबाट आर्थिक अवस्था राम्रो भएकाहरुमा समाज परिवर्तनको प्रभाव चाँडै पर्ने तर आर्थिक अवस्था कमजोर भएकाको समाजमा यस्तो प्रभाव पनि केही ढिलो हुने नै भयो ।

**सरकारी नीति तथा कानुन** : समाज परिवर्तनमा प्रभाव पर्ने विभिन्न तत्वहरुमध्ये सरकारी नीति, संविधान, ऐन तथा नियमहरु पनि प्रमुख रुपमा रहेका छन् । यसको उदाहरणको रुपमा वि.सं. २००७ सालभन्दा अगाडिको सरकारी नीति तथा कानुनहरु र २००७ को राजनीतिक परिवर्तनपछि बनेका सरकारी नीति तथा कार्यक्रमहरुलाई हेर्न सकिन्छ । यसमा पनि विशेषगरी २०४६ सालको जनआन्दोलनबाट आएको राजनीतिक परिवर्तनले निकै ठूलो भूमिका खेलेको छ । जुन परिवर्तनपछि सरकारी नीति साथै संविधान,

ऐनहरुमा समेत सवैका लागि समान अधिकारलाई समेटिएको छ । यसले गर्दा अन्य जातिहरु जस्तै साम्पाङ राईजातिमा पनि सामाजिक तथा मानसिक परिवर्तनको लहर छाएको देखिन्छ । समग्रमा हेर्दा पहिलो परिवर्तनको सुरुवात नेपाल एकीकरणले ल्याएको र त्यसपछिका दिनहरुमा २००७, २०४६ र २०६२/६३ का आन्दोलनबाट आएको नयाँ परिवर्तनपछि बनेका संविधानहरुले जातिहरुको हितमा गरेका नयाँ व्यवस्थाहरु, मुलुकी ऐन, हालको समावेशी नीति आदिले अन्य राईहरुजस्तै साम्पाङ राईहरुको जीवनपद्धतिमा पनि परिवर्तन ल्याएको छ । जातीय मूल्यमान्यता, विश्वास, अन्धविश्वास, कुरीतिहरु यो समाजमा नभएको होइन तर सामाजिक परिवर्तन निरन्तर भैरहन्छ । यही परिवर्तनले हरेक समाजलाई प्रभाव पार्दछ ।[१८] यसबाट साम्पाङ राई समाज पनि अछुतो रहन सकेको छैन । खासगरी समाजका परम्परा, धर्म, धार्मिक जीवन, संस्कृति र संस्कारमा यो स्थिति देखिन्छ ।

सरकारले ल्याएको नयाँ कानुनी व्यवस्थाअनुसार समावेशी तथा सहभागिमूलक व्यवस्थाले पनि समाजमा परिवर्तन ल्याएको छ । राम्रो अवसर पाइने आशामा गाउँसमाजबाट सुविधासम्पन्न क्षेत्रतिर युवाजमात आकर्षित हुँदै गएको छ । यसले मानवीय चेतनामा नौलो आयाम थपिएको छ । यसरी युवाहरुमार्फत् उनीहरुका परिवार र समाजसम्म नयाँ प्रभावहरु विस्तार भएका छन् । यस अर्थमा सरकारको नयाँ कानुनी र नीतिगत व्यवस्थाले पनि समाजलाई नयाँ परिवर्तनतर्फ अग्रसर गराएको महसुस गर्न सकिन्छ । अन्तरिम संविधान-२०६३ का केही धारामा आदिवासी/जनजातिलगायत सवै जातजातिहरुको आफ्नो जातीय पहिचानका विषयहरु संरक्षण संवर्द्धन गर्न पाउने हकाधिकार हुने संवैधानिक

---

[१८]. **नेपालको अन्तरिम संविधान-२०६३,** (काठमाडौं : सहिष्णु प्रकाशन (तेस्रो संशोधन) २०६४), मा मौलिक हकअन्तरगत व्यवस्था भएका अधिकारका विवरण- धारा १३ (३) राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । पृ. ४ ।

**धारा २१. सामाजिक न्यायको हक** : आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभभागी हुने हक हुनेछ । पृ. ६ ।

**धारा २३. धर्मसम्बन्धी हक** : (१) प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ । पृ. ६ ।

व्यवस्था गरिएको छ ।[१९] यस प्रकारको व्यवस्थाले सवै जातजाति, जनजातिहरुको आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति संरक्षणमा सहयोग पुग्ने आशा गर्न सकिन्छ । यसैगरी आदिवासी जनजातिहरुको उत्थान र विकासका लागि नेपाल सरकारले विशेष ऐन निर्माण गरी लागु पनि गरिसकेको अवस्था रहेको छ । जसका लागि गर्न आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठन ऐन, २०५८ जारी भएको पाइन्छ । यस ऐनको व्यवस्थाले आदिवासी/ जनजातिहरुको हकहितमा केही टेवा पुग्नेछ । ऐनले आफ्नो उद्देश्यमा यी जातिहरुका लागि सरकारको तर्फबाट गरिने कार्यहरु उल्लेख गरेको छ ।[२०] यसैगरी आदिवासी/जनजातिहरुको हकहितका लागि अन्तर्राष्ट्रिय महासन्धिको नं. १६९ ले पनि जातिगत पहिचान, धार्मिक, भाषिक, सांस्कृतिक, पेशा, व्यवसाय आदिको सुरक्षाको व्यवस्था गरेको छ ।

**विदेशी प्रभाव** : नेपाली समाजमा विदेशी प्रभाव निकै पहिलेदेखि भए पनि केही समययता ह्वात्तै बढेको छ । यसमा एनजीओ, आईएनजीओको विकास र विस्तार, धर्म परिवर्तन, परिवर्तनको नामबाट हुने प्रहार, जातीय विभाजन आदिले भूमिका खेलेको छ । यिनले खासगरी पिछडिएका समाज, जातजाति, आदिवासी, जनजातिमा प्रवेश गरेर

---

१९. स्थलगत अध्ययनमा आधरित ।

२०. नेपाल सरकार, "आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८" **नेपाल ऐन संग्रह पूरक खण्ड २०५८,** (काठमाडौं : कानुन किताब व्यवस्था समिति), २०५८, पृ १७१-१७२ ।

प्रतिष्ठानको उद्देश्य :

(क) आदिवासी/जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गीण विकास गर्नु,

(ख) आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने

(ग) आदिवासी/जनजातिको परम्परागत सीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्द्धन गरी त्यसलाई व्यवसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने,

(घ) विभिन्न आदिवासी/जनजाति, जातजाति तथा सम्प्रदायबीच सुमधुर सम्वन्ध, सद्भाव र सामञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने,

(ङ) आदिवासी/जनजातिको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने ।

उनीहरुको परम्परागत मूल्यमान्यता, धर्म, संस्कृति आदिमा प्रभाव पारिरहेकोले साम्पाङ राई समाज पनि यसबाट अलग रहन सकेको पाइँदैन । यसकारण समयसमयमा आउने विदेशी नागरिकहरुले पनि सामाजिक परिवर्तनमा भूमिका खेल्दै आएका छन् ।

नेपाल विश्वका सुन्दर देशहरुमध्येमा पर्ने भएकाले यहाँ वर्षेनी विभिन्न मुलुकका पर्यटकहरु कोही हिमाल आरोहण गर्न, कोही विभिन्न धार्मिक तथा सांस्कृतिक विषयहरुको अध्ययन-अनुसन्धान र कोही मनोरञ्जनका लागि घुम्न आउने गर्दछन् । यी विदेशी पर्यटकहरु थोरै समयसम्म भए पनि नेपालका विभिन्न क्षेत्रहरुमा घुमफिर गर्दछन् । उनीहरुका नौला गतिविधिहरुले नेपाली समाजलाई अवश्य प्रभाव पार्छ नै । यसलाई विशेषतः युवायुवतीहरुले चाँडो र बढी ग्रहण गर्दछन् । युवायुवतीहरुले असल वा खराव छुट्याउनेतर्फ ध्यान नदिई नौलो लागेकै कारण नक्कल गर्दागर्दै आफ्नो परम्परा भुल्दछन् । यसरी पनि समाजमा नौलो संस्कारले स्थान लिँदै जाने देखिन्छ । यसैगरी विदेशी भूमिमा रोजगारी, अध्ययन वा कुनै कारणले गएर फर्केका व्यक्तिहरुले त्यस देशको विभिन्न संस्कार, मान्यताहरु आफ्नो समाजसम्म ल्याइपुऱ्याउँछन् । यो विशेषगरी बेलायती सेनामा काम गरी फर्केकाहरुमा यस्तो प्रभाव वढी देखिन्छ । यसप्रकारका असरहरु लवाइखुवाइ, बोलाइ, घरको बनावट, भान्साकोठादेखि धर्म र संस्कारहरुमा प्रत्यक्ष प्रभाव परेको पाइन्छ । यो प्रभाव उसको परिवारमा मात्र सीमित नभएर छरछिमेक र सिङ्गै समाजमा विस्तार भएको देखिन्छ । यस प्रकारको प्रभावले साम्पाङ राई समाजलाई पनि गहिरो रुपमा प्रभाव पर्दै आएको पाइन्छ ।

**वर्तमान परिस्थिति** : हरेक समाज परिवर्तनशिल र गतिशील हुन्छ । समाज सधैं एउटै स्थिति र अवस्थामा रहन सक्दैन । यति हुँदाहुँदै समाज परिवर्तनको गति भने विभिन्न स्वरुपको हुन्छ । किरात जाति सुरुमा सुम्निमा र पारुहाङका सन्तान र मुन्धुम मूल धार्मिक स्रोत भएकाहरु हुन् । किरात समुदायमा राई, लिम्बू, याक्खा तथा सुनुवार हुँदै अहिले विभिन्न शाखा, जाति, उपजातिमा बाँडिएका छन् । राई समुदायभित्र मात्रै हाल २८ जातिहरु रहेका छन् । यिनको संख्या अझ बढ्दै जाने देखिन्छ । यी सवै किसिमका राईहरुबीच पनि धार्मिक विधि, रीतिरिवाज, भाषा, संस्कार, चाडपर्वलगायतका मान्यताहरुमा भिन्नता छ । यिनीहरुका मिथक, विश्वास, आस्था, मान्यता, प्रथा परम्पराहरु पनि फरकफरक छन् । जीवन-दर्शन फरक छ । यस अर्थमा साम्पाङ राईहरु पनि आन्तरिक रुपमा विविधता रहेको समूह हो । यिनका विभिन्न पाछा, साम्मे छन् । मुन्धुमलाई देववाणी मान्ने समाज,

कुबीहरुलाई पुरोहित मान्ने समाज विभिन्न कारणले परिवर्तित हुँदै गएको पाइन्छ । वर्तमानमा खोटाङ, भोजपुरलगायतका बस्तीहरुमा परम्परागत मान्यता, धर्म, जीवनशैली, रहनसहन, संस्कार, संस्कृति, चाडपर्व आदिमा परिवर्तन देखिन थालेका छन् । यसैले एकातिर समय र परिवर्तनअनुसार साम्पाङ राई समाज बदलिंदो छ, अर्कोतर्फ आफ्नोपन र शैलीलाई सम्मान गर्नेहरुको पनि राम्रै प्रभाव समाजमा पाइन्छ । यस्तो अवस्थाबाट यो समाज अगाडि बढ्दै छ ।[२१]

साम्पाङ राई जनजातिमा देखापरेको सामाजिक परिवर्तनमा आधुनिकीकरणले अहम् भूमिका खेलेको छ । उदाहरणको रुपमा परम्परादेखि मान्दै आएको साम्पाङ राईहरुको धर्मको प्रतीक चुल्हो ढुङ्गा सहर-बजारतिरको आधुनिक घरमा राख्न नमिल्ने कारणले लोप हुने संकेत देखापरिसकेको छ । चुल्होको अभावमा यो जातिभित्रका धर्म, संस्कृति तथा कुनै पनि परम्परागत मान्यताका संस्कारहरु विधिवत् रुपमा गर्न सकिने अवस्था रहँदैन । यस्तै धार्मिक क्रियाकलापहरु मुन्धुममा आधारित हुने भए पनि सहर-बजारतिर कुबीहरु पाइने सम्भावना कम हुँदै गएको छ । यस्ता परिवर्तनका अनेकौं कारणहरुबाट साम्पाङ राईहरुको पुराना मूल्य, मान्यताहरु लोप भएर जाने खतरा बढ्दै गएको छ ।[२२]

**सारांश**

किरात साम्पाङ राईजातिका संस्कारसँग अन्तरसम्बन्धित थुप्रै विषयहरु छन् । उनीहरुको भाषा, धार्मिक कार्यहरु, पहिरन, खानपान, हातहतियार, चाडपर्वहरुसमेतसँग संस्कारको निकट सम्बन्ध रहेको छ । यसरी आफ्नै जातीय परम्परागत मान्यतामा आधारित रहेको समाज भए पनि यसमा परिवर्तन देखिँदै छ । यसमा पनि विशेषगरी नयाँ पुस्तामा यस्ता परिवर्तनका लक्षणहरु देखिँदै छ । यसो हुनुमा परिवर्तित राजनीतिक प्रभाव, बसाइँसराइ, अन्तरजातीय सम्बन्ध, शिक्षाले ल्याएको चेतना, अन्य समाजको प्रभाव, शहरीकरण, यातायात, संचारको विकास, आर्थिक अवस्थामा सुधार र नयाँ सरकारी नीति तथा कानुनी प्रावधानहरु मुख्य रहेको देखिन्छ । यसैगरी धर्म तथा संस्कारको विषयमा पश्चिमी शैलीले निकै प्रभाव पारेको छ । यसमा विशेषतः इसाई धर्मको प्रभावी हुँदैगएको पाइन्छ । यसबाट उनीहरुको मौलिकतामाथि नकारात्मक असर देखापर्दै गएको छ ।

[२१]. स्थलगत अध्ययनमा आधरित ।

[२२]. स्थलगत अध्ययनमा आधरित ।